# आरुघाट गाउँपालिका

# स्थानीय राजपत्र

भाग-२ खण्ड: ८ संख्या :१

**पारित भएको मिति: २०८३/०४/०८**

**प्रकाशन मिति: २०८३/०४/०८**

# आरुघाट आधारभूत अस्पतालमा कार्यरत चिकित्सक एवं कर्मचारीहरुको प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि,२०८३

## आरुघाट गाउँपालिका, गोरखा

# आरुघाट आधारभूत अस्पतालमा कार्यरत चिकित्सक एवं कर्मचारीहरुको प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि,२०८३

**प्रस्तावना:**

आरुघाट गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेको आरुघाट आधारभूत अस्पतालमा उपलब्ध रहेका प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनःस्थापनात्मक तथा प्रबन्धकीय स्वास्थ्य सेवाहरुलाई थप प्रभावकारी, गुणस्तरीय तथा निरन्तर रुपमा सञ्चालन गर्न, अस्पतालबाट प्रवाह हुने बहिरंग (ओ.पि.डी.), आकस्मिक, प्रसुति, प्रयोगशाला लगायतका स्वास्थ्य सेवाहरु सर्वसाधारण नागरिकहरुलाई समयानुकूल तथा सहज रुपमा उपलब्ध गराउँदै सेवा प्रवाहलाई थप व्यवस्थित, प्रभावकारी र सेवामुखी बनाउन आवश्यक देखिएको हुँदा, आरुघाट गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप यस कार्यक्रमको दिगोपन एवं निरन्तरताका लागि आरुघाट आधारभूत अस्पतालमा कार्यरत चिकित्सक तथा कर्मचारीहरुको समय र श्रमको उचित कदर गर्दै सेवाप्रदायकहरुको मनोबल उच्च गराई थप गुणस्तरीय स्वास्थ्य सेवा विस्तार तथा सेवा प्रवाहको सुनिश्चितताका लागि आरुघाट आधारभूत अस्पतालमा कार्यरत चिकित्सक तथा कर्मचारीहरुलाई प्रोत्साहन तथा अतिरिक्त कार्यसमय बापतको भुक्तानी लगायतका सुविधाहरु अस्पताल श्वोत बाट व्यवस्था गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम आरुघाट गाउँ कार्यपालिकाले यो कार्यविधिको तयार गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

१) यो कार्यविधिको नाम “आरुघाट आधारभूत अस्पतालमा कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मीहरुको प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि,२०८३” रहेको छ ।

२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) “अस्पताल” भन्नाले आरुघाट गाउँपालिका अन्तर्गतको आरुघाट आधारभूत अस्पताल वा आरुघाट आधारभूत अस्पताल अन्तर्गतको कार्यजिम्मेवारीमा पछि थप हुन आउने अन्य शाखाहरु समेतलाई सम्झनु पर्छ ।

(ख) “अस्पताल प्रमुख” भन्नाले आरुघाट आधारभूत अस्पतालमा कार्यरत नेपाल सरकारको स्थायी सेवाको सबैभन्दा माथिल्लो तहको चिकित्सक वा व्यवस्थापन समितिले तोकेको कर्मचारी सम्झनु पर्छ ।

(ग) “चिकित्सक” भन्नाले नेपाल मेडिकल काउन्सिलमा दर्ता भई आरुघाट आधारभूत अस्पतालमा कार्यरत स्थायी वा दरबन्दी करार वा पालिका करार वा छात्रवृत्ति करार सेवामा आठौँ तह वा सो भन्दा माथिल्लो तहमा कार्यरत चिकित्सकहरु सम्झनु पर्छ ।

(घ) “डेन्टल चिकित्सक” भन्नाले नेपाल मेडिकल काउन्सिलमा दर्ता भई आरुघाट आधारभूत अस्पतालमा कार्यरत स्थायी वा दरबन्दी करार वा पालिका करार वा छात्रवृत्ति करार सेवामा आठौँ तह वा सो भन्दा माथिल्लो तहमा कार्यरत डेन्टल सर्जन/चिकित्सकहरु सम्झनु पर्छ ।

(ङ) “समिति” भन्नाले आरुघाट आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(च) “पालिका” भन्नाले आरुघाट गाउँपालिका सम्झनु पर्छ ।

(छ) “कार्यपालिका” भन्नाले आरुघाट गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ज) “कार्यविधि” भन्नाले “आरुघाट आधारभूत अस्पतालमा कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मीहरुको प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०८३” सम्झनु पर्छ ।

(झ) “प्रोत्साहन भत्ता” भन्नाले अस्पतालको योजना अनुरुपका सेवा प्रवाह सुनिश्चितताका लागि आवश्यक जनशक्तिहरुलाई यस अस्पताललाई कार्यस्थल बनाई आउन अभिप्रेरित गर्न, कामप्रति उत्प्रेरित गर्न तथा उच्च मनोबल बनाई सेवा प्रवाह गर्ने प्रयोजनार्थ प्रोत्साहन स्वरूप दिइने रकम बुझिनेछ ।

(ञ) “अतिरिक्त कार्यसमय भुक्तानी” भन्नाले कुनै एक महिना वा निर्धारित समयमा गर्नुपर्ने भन्दा धेरै कार्यदिन काम गरे बापत दिइने भुक्तानी बुझिनेछ ।

(ट) “एक कार्यदिन” भन्नाले नियमित रुपमा कार्यालय खुल्ने समय बिहान ९ बजेदेखि बेलुकी ५ बजे वा ४ बजे (जाडो मौसममा) सम्म वा बिहानी शिफ्ट ड्युटी वा साँझ शिफ्ट ड्युटी वा रात्रीकालीन शिफ्ट ड्युटी बुझिनेछ ।

(ठ) “मूल तलब” भन्नाले सम्बन्धित चिकित्सक तथा कर्मचारी कार्यरत रहेको तह अनुसारको मासिक तलब भन्ने सम्झनुपर्छ । यसमा ग्रेडहरु समावेश हुनेछैनन् ।

(ड) “कर्मचारी” भन्नाले अस्पतालमा कार्यरत सम्पूर्ण चिकित्सक, स्वास्थ्यकर्मी, प्रशासन, लेखा, सरसफाईकर्मी, विविध समूहका कर्मचारीहरु लगायतका अस्पतालमा कार्यरत जुनसुकै कर्मचारीहरुलाई सम्झनुपर्छ ।

(ढ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस कार्यविधि बमोजिम तोकिए बमोजिम सम्झनु पर्छ ।

**३. चिकित्सकहरुलाई प्रोत्साहन भत्ता:** आरुघाट आधारभूत अस्पतालमा २४ सै घण्टा आकस्मिक सेवा लगायत नियमित बहिरंग (ओ.पि.डी.), प्रसुति तथा अन्य स्वास्थ्य सेवाहरु निरन्तर रुपमा सञ्चालन भइरहेको, स्वास्थ्य बीमा अन्तर्गतका सेवाग्राहीहरु तथा अन्य सेवाग्राहीहरुलाई समेत समयानुकूल स्वास्थ्य सेवा उपलब्ध भइरहेको हुँदा अस्पतालको सेवा प्रवाह तथा आर्थिक पक्ष क्रमशः सुधार हुँदै जाने अपेक्षा गरिएकोले उपलब्ध स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्न, ग्रामीण कार्यस्थलमा दक्ष चिकित्सकहरुलाई आकर्षित गर्न तथा टिकाइ राख्न र अस्पतालमा निजहरुको उपलब्धता एवं कार्यसम्पादन बढाउन अभिप्रेरित गर्नका लागि आरुघाट आधारभूत अस्पतालमा कार्यरत चिकित्सकहरुलाई सेवा प्रवाहप्रति प्रतिबद्धता सहितको कार्यसम्झौता गरेमा तपशिल बमोजिमको प्रोत्साहन भत्ता शर्त सहित रुपमा उपलब्ध गराइनेछ ।

तपशिल:

१) नवौं तहको पदमा कार्यरत चिकित्सकहरु: आरुघाट आधारभूत अस्पतालमा कार्यरत नवौं तह वा सो भन्दा माथिल्लो तहको पदमा कार्यरत चिकित्सकहरुलाई मासिक रुपमा शत प्रतिशत (१००%) प्रोत्साहन भत्ता सशर्त रुपमा उपलब्ध गरिनेछ। यद्यपि कुनै चिकित्सक आठौँ तहमा कार्यरत रहेको तर निज चिकित्सक नेपाल मेडिकल काउन्सिलमा "विशेषज्ञ चिकित्सक" को रुपमा दर्ता भएको भएमा निजलाई पनि मासिक रुपमा शत प्रतिशत (१००%) प्रोत्साहन भत्ता सशर्त रुपमा उपलब्ध गरिनेछ।

२) आठौँ तह वा सो सरहको पदमा कार्यरत चिकित्सकहरु: आरुघाट आधारभूत अस्पतालमा कार्यरत आठौँ तहका मेडिकल अधिकृत/डेन्टल चिकित्सकहरुलाई मासिक मूल तलबको ५०% रकम प्रोत्साहन भत्ता सशर्त रुपमा उपलब्ध गरिनेछ।

**४) प्रोत्साहन रकमका लागि हुनुपर्ने हाजिरी र कार्यसम्पादन:**

(१) माथि उल्लेखित दफा ३ को उपदफा १, र २ मा उल्लेख भएको प्रोत्साहन भत्ताका लागि अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि तपशिल बमोजिमको हाजिरी र कार्यक्षमताका आधारमा मात्र सो महिनाको प्रोत्साहन रकम उपलब्ध गरिनेछ।

**हाजिरी:**

| **क्र.सं.** | **महिनामा भएको हाजिरी दिन** | **तोकिएको प्रोत्साहन रकमको उपलब्ध गरिने प्रतिशत (अ)** | **कै.** |
|---|---|---|---|
| १. | २४ दिन वा सो भन्दा बढी | तोकिएको प्रोत्साहन रकमको १००% | |
| २. | २० दिन देखि २३ दिनसम्म | तोकिएको प्रोत्साहन रकमको ७५% | |
| ३. | १६ दिन देखि १९ दिनसम्म | तोकिएको प्रोत्साहन रकमको ५०% | |
| ४. | १५ दिन वा सो भन्दा कम भएमा | प्रोत्साहन रकम उपलब्ध नहुने/नगरिने | |

(स्पष्टीकरण: कुनै पनि चिकित्सक वा कर्मचारीले एक महिनामा गर्नुपर्ने कार्यदिन बराबरको ड्यूटी पालो मिलाई शिफ्टमा वा लगातार गरेको भएतापनि निजको प्रोत्साहन रकम भने निजको यस अस्पतालमा माथिको तालिका बमोजिमको हाजिरी/उपस्थिति अनुसार मात्र उपलब्ध गरिनेछ। यसबाट सकेसम्म चिकित्सकहरुको बसाई अस्पतालमा धेरै भन्दा धेरै दिन रहोस् भन्ने उद्देश्य राखिएको हो।)

ख) कार्यसम्पादन:

| क्र.सं. | कार्यसम्पादन मूल्यांकनमा प्राप्त प्रतिशत | भुक्तानी गरिने प्रतिशत (आ) | कै. |
|---|---|---|---|
| १. | ८०% देखि १००% सम्म | १००% | |
| २. | ६५% देखि ८०% भन्दा कम सम्म | ७५% | |
| ३. | ५०% देखि ६५% भन्दा कम सम्म | ५०% | |
| ४. | ५०% भन्दा कम | उपलब्ध नहुने/नगरिने | |

(स्पष्टीकरण: सबै चिकित्सक/कर्मचारीहरुको कार्यसम्पादनमा अभिवृद्धि गर्ने उद्देश्य सहित यो व्यवस्था राखिएको हो ।)

(२) यसर्थ मासिक रुपमा निर्धारण गरिएको प्रोत्साहन रकम (दफा ३ को उपदफा १ र २) लाई शत प्रतिशत मानी यसै दफा ४ को क) र ख) मा उल्लेखित हाजिरी र कार्यसम्पादनमा प्राप्त प्रतिशतका आधारमा क्रमशः (अ) र (आ) ले गुणा गर्दा आउने प्रतिशत रकम खुद प्रोत्साहन रकम हुनेछ ।

(स्पष्टीकरण: खुद प्रोत्साहन रकम दफा ३ को उपदफा १, र २ मा उल्लेख भएको भन्दा बढी हुनेछैन ।)

(३) प्रोत्साहन रकम उपलब्ध गर्ने प्रयोजनार्थ अस्पतालमा कार्यरत चिकित्सक/कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**५) प्रोत्साहन रकम उपलब्ध गराइने चिकित्सकहरुको संख्या:**

क) आरुघाट आधारभूत अस्पतालमा हाल सञ्चालित सेवाका लागि मेडिकल अधिकृतहरु बढीमा ३ जना सम्मलाई यो सुविधा उपलब्ध गरिनेछ ।

ख) अस्पतालमा सेवा विस्तार, २४ सै घण्टा आकस्मिक सेवा सुदृढीकरण, सेवाग्राहीहरुको चाप वृद्धि वा नयाँ सेवा सञ्चालन भएको अवस्थामा थप चिकित्सकहरुलाई समेत यो सुविधा उपलब्ध गराउन सकिनेछ ।

ग) डेन्टल चिकित्सकहरुको हकमा जम्मा १ जना सम्मलाई प्रोत्साहन रकम उपलब्ध गराउन सकिनेछ ।

घ) नवौं तह वा सो सरह तथा सो भन्दा माथि र विशेषज्ञ (Clinical/Speciality Registration) योग्यता रहेका आठौँ तहका चिकित्सकहरुको हकमा विषय विज्ञताका आधारमा सेवा फरक हुने हुँदा संख्या सीमा राखिएको छैन ।

ङ) माथि जुनसुकै कुरा उल्लेख गरेको भएपनि अस्पतालमा सेवा विस्तार गर्न परेमा वा सेवाग्राहीहरुको चाप बढेमा वा सेवाको गुणस्तरीयता अभिवृद्धि गर्न वा स्वास्थ्य आपतकालीन अवस्था परेमा वा अन्य कुनै कारण प्रोत्साहन

रकमका लागि माथि निर्धारण गरिएको चिकित्सकहरुको संख्या बढाउन आवश्यक परेमा आरुघाट आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिद्वारा निर्णय गरे बमोजिम हुनेछ ।

**६)** सशर्त भनिएकाहरुको हकमा शर्तहरु अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिद्वारा निर्धारण गरिए बमोजिम हुनेछ ।

**४. कार्यालय प्रमुख भत्ता:**

१) आरुघाट आधारभूत अस्पतालको कार्यालय प्रमुखको रुपमा कार्यरत नेपाल सरकारको स्थायी सेवाको सबैभन्दा माथिल्लो तहको चिकित्सकलाई मासिक रुपमा निजको मूल तलबको ५०% कार्यालय प्रमुखको जिम्मेवारी निर्वाह गरे बापत कार्यालय प्रमुख भत्ता उपलब्ध गरिनेछ ।

२) दोहोरो नमानिने: कार्यालय प्रमुखलाई माथि दफा ३. को उपदफा (१) वा (२) बमोजिम प्रोत्साहन रकम र यसै दफा ४ बमोजिम कार्यालय प्रमुख भत्ता भुक्तानी गरिनेछ । यसरी उपलब्ध गराइएको प्रोत्साहन भत्ता र कार्यालय प्रमुख भत्ता दोहोरो भुक्तानी भएको मानिने छैन ।

**५. चिकित्सक तथा कर्मचारी अतिरिक्त कार्यसमय भुक्तानी:** आरुघाट आधारभूत अस्पतालमा कार्यरत चिकित्सक,नर्सिङ,प्यारामेडीक विभागका तथा कार्यालय सहयोगी कर्मचारीहरुले अतिरिक्त कार्यसमय कामकाज गर्नुपरेको अवस्थामा निजलाई अतिरिक्त कार्यसमय काम गरे बापत भुक्तानी दिइनेछ ।

१) अस्पतालमा कार्यरत चिकित्सक एवं कर्मचारीले प्रत्येक महिनामा गर्नुपर्ने भन्दा बढी कार्यदिन ड्यूटी गरेको वा गर्नुपरेको अवस्थामा निजलाई सट्टा बिदा वा अतिरिक्त कार्यसमय सेवा बिदा उपलब्ध गराउन नसकिने अवस्था रहेमा मासिक वा त्रैमासिक वा चौमासिक रुपमा हिसाब गरी निजलाई निजको मूल तलबको आधारमा अतिरिक्त कार्यसमय भुक्तानी गरिनेछ ।

अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रत्येक महिना वा त्रैमासिक वा चौमासिक रुपमा भुक्तानीका लागि हिसाब गर्दा निजले सो समयावधिमा प्रचलित श्रम कानुन बमोजिम प्रति हप्ता ४८ घण्टासम्मको नियमित कार्यसमय पूरा गरिसकेको अवस्थामा सो भन्दा बढी गरिएको प्रत्येक अतिरिक्त ड्युटी/कार्यसमयलाई अतिरिक्त कार्यसमय मानी सो बापत प्रचलित तलब स्केलका आधारमा अतिरिक्त कार्यसमय भुक्तानी उपलब्ध गराइनेछ ।

(स्पष्टीकरण: कर्मचारीहरुले नियमित कार्यसमयभन्दा अतिरिक्त रुपमा गरेको ड्यूटी मात्र अतिरिक्त कार्यसमयमा गणना गरिनेछ । कर्मचारीहरु बिदामा रहेको समय वा तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी भएको समयलाई अतिरिक्त कार्यसमय भुक्तानीका लागि गणना गरिनेछैन । अतिरिक्त कार्यसमय भुक्तानी ड्युटी रोष्टर, हाजिरी अभिलेख तथा अस्पतालले प्रमाणित गरेको कार्य विवरणका आधारमा हुनेछ । यो व्यवस्था अस्पतालमा निरन्तर तथा गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्न तथा अतिरिक्त जिम्मेवारी निर्वाह गर्ने कर्मचारीहरुलाई प्रोत्साहित गर्ने उद्देश्यले राखिएको हो ।)

२) अतिरिक्त कार्यसमय भुक्तानीको विषय कर्मचारीको कार्यसम्पादन मूल्यांकनमा प्राप्त प्रतिशतका आधारमा भुक्तानी गरिनेछ।

| क्र.सं. | कार्यसम्पादन मूल्यांकनमा प्राप्त प्रतिशत | अतिरिक्त कार्यसमयको गरिने भुक्तानी प्रतिशत | कै. |
|---|---|---|---|
| १. | ८०% देखि १००% सम्म | १००% | |
| २. | ६५% देखि ८०% भन्दा कम सम्म | ७५% | |
| ३. | ५०% देखि ६५% भन्दा कम सम्म | ५०% | |
| ४. | ५०% भन्दा कम | उपलब्ध नहुने/नगरिने | |

(स्पष्टीकरण: सबै चिकित्सक/कर्मचारीहरुको कार्यसम्पादनमा अभिवृद्धि गर्ने उद्देश्य सहित यो व्यवस्था राखिएको हो।)

३) अतिरिक्त कार्यसमय बापत गरिने भुक्तानी प्रयोजनका लागि अस्पतालमा कार्यरत चिकित्सक तथा कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

४) जनशक्ति अभावका कारण नियमित रुपमा अतिरिक्त कामकाजमा खटाउनुपर्ने अवस्थामा सम्बन्धित चिकित्सक वा कर्मचारीसँग निजको अतिरिक्त कार्यसमय बापतको भुक्तानी भन्दा बढी नहुने गरी एकमुष्ट रुपमा सम्झौता गरी कामकाजमा लगाउन यस दफामा उल्लेखित व्यवस्थाले बाधा पर्ने छैन।

५) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रत्येक महिना वा त्रैमासिक वा चौमासिक रुपमा भुक्तानीका लागि हिसाब गर्दा निजले सो समयावधिमा गर्नुपर्ने जम्मा नियमित ड्युटी कार्यसमय तथा प्रचलित श्रम कानुन बमोजिम प्रति हप्ता ४८ घण्टासम्मको नियमित कार्यसमय पूरा नगरेको अवस्थामा निजलाई सो समयको अतिरिक्त कार्यसमय बापतको भुक्तानी गरिनेछैन।

(स्पष्टीकरण: कर्मचारीहरु बिदामा गएको समय वा तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी भएको समयलाई अतिरिक्त कार्यसमय भुक्तानीका लागि गणना गरिनेछैन। अस्पतालमा गर्नुपर्ने नियमित ड्युटी सम्पन्न गरी प्रचलित श्रम कानुन बमोजिम प्रति हप्ता ४८ घण्टाभन्दा बढी कार्यसमय वा ड्युटी गरेको अवस्थामा मात्र अतिरिक्त कार्यसमय भुक्तानी गरिनेछ। अतिरिक्त कार्यसमय भुक्तानी ड्युटी रोष्टर, हाजिरी अभिलेख तथा अस्पतालले प्रमाणित गरेको कार्य विवरणका आधारमा हुनेछ। यो व्यवस्था अस्पतालमा निरन्तर तथा गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्न तथा अतिरिक्त जिम्मेवारी निर्वाह गर्ने कर्मचारीहरुलाई प्रोत्साहित गर्ने उद्देश्यले राखिएको हो।)

६) अतिरिक्त कार्यसमय भुक्तानीका लागि सम्बन्धित कर्मचारी वा चिकित्सक अन-ड्युटी रहेको हुनुपर्नेछ। अनकल ड्युटीलाई अतिरिक्त कार्यसमय भुक्तानीका लागि गरिएको व्यवस्था अनुरुप भुक्तानी गरिनेछैन।

७) अतिरिक्त कार्यसमय प्रयोजनार्थ रात्रीकालीन ड्युटीलाई एक कार्यदिन/ड्युटी मात्र मानिनेछ। रात्रीकालीन शिफ्ट ड्युटीको समय अन्य शिफ्ट ड्युटीको भन्दा बढी भएतापनि बिहानी, साँझ वा रात्रीकालीन शिफ्ट सबै एक-एक कार्यदिन मानिनेछ। शिफ्ट ड्युटीहरुको समय अस्पतालका विभागहरु अनुसार केही फरक पर्न सक्नेछ, ड्युटी समय रोष्टरमा उल्लेख गरिनेछ।

८) कुनै कर्मचारीलाई अतिरिक्त कार्यसमयमा खटाउँदा समयावधि घण्टामा आएमा सो समयलाई जोडी ७ घण्टा बराबर एक कार्यदिन हुने गरी भुक्तानी गरिनेछ।

९) यो सुविधा उपलब्ध हुनका लागि अन्तिम/परिमार्जित/रिभाइज्ड ड्युटी रोष्टर, सोही बमोजिमको हाजिरी प्रतिलिपि, सम्बन्धित कर्मचारीले आफूले तोकिए बमोजिम कामकाज गरेको दाबी तथा भुक्तानीका लागि दिएको निवेदनका साथै निजको कार्यसम्पादन मूल्यांकन फारामहरु अनिवार्य संलग्न हुनुपर्नेछ।

१०) अस्पतालद्वारा ई-हाजिरीको व्यवस्था तथा लगबुक सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न सकिनेछ।

**६. कर्मचारी नाइट खाजा खर्च**:

नाइट ड्युटीमा अन-ड्युटी रहनुपर्ने चिकित्सकिलाई,प्यारामेडीक समूह, कार्यालय सहयोगी तथा सरसफाइकर्मीहरुको हकमा समेत प्रति नाइट ड्युटी रु. २००/ का दरले खाजा खर्च स्वरूप उपलब्ध गरिनेछ।

**७. स्वास्थ्य बीमा फोकल पर्सन प्रोत्साहन:** अस्पतालमा स्वास्थ्य बीमा सम्बन्धी दर्ता, प्रमाणीकरण, समन्वय तथा व्यवस्थापन कार्यमा खटिने स्वास्थ्य बीमा फोकल पर्सनलाई प्रति बीमा टिकट रु. ५/- (पाँच रुपैयाँ) का दरले प्रोत्साहन रकम उपलब्ध गराइनेछ। उक्त भुक्तानी सम्बन्धित महिनाको बीमा टिकट विवरण तथा अभिलेखको आधारमा गरिनेछ। साथै स्वास्थ्य बीमा कार्यक्रमका फोकल पर्सनले कार्यालय समयबाहेक स्वास्थ्य बीमासम्बन्धी कार्य सम्पादन गरेमा, प्रमाणित हाजिरी तथा कार्य विवरणका आधारमा प्रति दिन रु. २०० (दुई सय रुपैयाँ) का दरले खाजा खर्च स्वरूप उपलब्ध गराइनेछ।

**९. आम्दानीका आधारमा गरिने भुक्तानी:** आरुघाट आधारभूत अस्पतालमा देहाय बमोजिमका सेवाप्रदायकहरुलाई आम्दानीका आधारमा तपशिल बमोजिमको सुविधा उपलब्ध गरिनेछ।

तपशिल:

१) अल्ट्रासाउण्ड (Video X-ray/USG) सेवा: अल्ट्रासाउण्ड सेवालाई नियमित रुपमा सञ्चालन गर्नका लागि आम्दानीमा आधारित अल्ट्रासाउण्ड सेवा शुल्कको कुल आम्दानी (बीमित तथा नन-बीमित सबै) को यसै अस्पतालमा कार्यरत चिकित्सकलाई ४५% रकम भुक्तानी गरिनेछ

२) ईको सेवा: ईको सेवालाई नियमित रुपमा सञ्चालन गर्नका लागि आम्दानीमा आधारित ईको सेवा शुल्कको कुल आम्दानी (बीमित तथा नन-बीमित सबै) को यसै अस्पतालमा कार्यरत चिकित्सक वा जनरल फिजिसियन/इन्टरनल मेडिसिन विशेषज्ञलाई लाई ४५% रकम भुक्तानी गरिनेछ।

३) डेन्टल प्रोसिडियर: डेन्टल प्रोसिडियर सेवालाई नियमित रुपमा प्रवाह गर्नका लागि आम्दानीमा आधारित डेन्टल प्रोसिडियरको सेवा शुल्कको कुल आम्दानी (बीमित तथा नन-बीमित सबै) को यसै अस्पतालमा कार्यरत डेन्टल चिकित्सकलाई २५% र डेन्टल सहायकलाई २०% रकम भुक्तानी गरिनेछ। यदि एउटै प्रोसिडियरमा डेन्टल चिकित्सक र डेन्टल सहायक दुवै संलग्न रहेको अवस्थामा कुल २५% मा १५% डेन्टल चिकित्सकलाई र १०% डेन्टल सहायकलाई उपलब्ध गरिनेछ।

४) आँखा उपचारमा हुने प्रोसिडियर सेवालाई नियमित रुपमा प्रवाह गर्नका लागि आम्दानीमा आधारित प्रोसिडियरको सेवा शुल्कको कुल आम्दानी (बीमित तथा नन-बीमित सबै) को यसै अस्पतालमा कार्यरत क) अप्टोमेट्रिष्ट (स्नातक) लाई २५% र ख) नेत्र सहायकलाई २०% रकम भुक्तानी गरिनेछ। यदि एउटै प्रोसिडियरमा अप्टोमेट्रिष्ट (स्नातक) र नेत्र सहायक दुवै संलग्न रहेको अवस्थामा कुल २५% मा १५% अप्टोमेट्रिष्ट (स्नातक) लाई र १०% नेत्र सहायकलाई उपलब्ध गरिनेछ।

५) चश्माको सिसा तयार सम्बन्धी: चश्माको फ्रेममा पावरवाला सिसा फिटिङ सेवा नियमित रुपमा प्रवाह गर्नका लागि आम्दानीमा आधारित (बीमित तथा नन-बीमित सबै) प्रति सिसा तयार तथा फ्रेममा फिटिङ बापत नेत्र सहायक लाई ३०% र ग्राइन्ड गरे बापत ग्राइन्डरलाई रु. १००/- उपलब्ध गरिनेछ।

६.जटिल शल्यक्रिया : प्रोसिडियर सेवालाई नियमित रुपमा प्रवाह गर्नका लागि आम्दानीमा आधारित प्रोसिडियरको सेवा शुल्कको कुल आम्दानी (बीमित तथा नन-बीमित सबै) को यसै अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सकलाई ४०% आवस्यकता अनुसारको सहायक चिकित्सक, स्वास्थ्यकर्मीहरु(एनेस्थेसिया असिस्टेन्ट,नर्स,पारामेडिक्स वा शल्यक्रिया प्रोसिडियर मात्र खटिने ) लाई १०% रकम र ३% सहयोगी कर्मचारी लाई उपलब्ध गरिनेछ।

७) माथि उल्लेखित आम्दानीका आधारमा गरिने भुक्तानीमा यदि कुनै सेवाग्राहीहरुलाई पूर्ण रुपमा निःशुल्क सेवा प्रदान गरिएको भएमा सो निःशुल्क सेवाग्राहीहरुलाई सेवा उपलब्ध गरे बापत सेवाप्रदायकलाई माथि यसै दफामा तोकिए बमोजिम सुविधा रकम भुक्तानी गरिनेछैन।

**१०. अनकल (On Call) ड्यूटी बापतको भुक्तानी:** रात्रीकालीन सेवा वा बिहान/बेलुकीको समयमा अनकल ड्युटी राखी सञ्चालन गर्न सकिने विभागहरुमा कार्यसमयको भुक्तानी मोडालिटी अवलम्बन नगरी तपशिल बमोजिमका आम्दानीमा आधारित सुविधा योजना लागू गर्न सकिनेछ।

तपशिल:

१) प्रयोगशाला तथा फार्मेसी सेवामा कार्यरत कर्मचारीले अस्पतालको आवश्यकता अनुसार रात्रिकालीन सेवामा खटिई कार्य सम्पादन गरेबापत प्रति रात्रि निजको मासिक आधारभूत तलबको ३० प्रतिशत बराबर रकम प्रोत्साहन

स्वरूप प्राप्त गर्नेछन्। साथै, सार्वजनिक बिदाको दिन सेवा सञ्चालनका लागि खटिई कार्य सम्पादन गरेबापत प्रति दिन निजको मासिक आधारभूत तलबको ५० प्रतिशत बराबर रकम प्रोत्साहन स्वरूप प्राप्त गर्नेछन्।

२)रेडियोग्राफी सेवामा कार्यरत कर्मचारीले अस्पतालको आवश्यकता अनुसार रात्रिकालीन सेवामा खटिई कार्य सम्पादन गरेबापत प्रति रात्रि निजको मासिक आधारभूत तलबको २० प्रतिशत बराबर रकम प्रोत्साहनस्वरूप प्राप्त गर्नेछन्। साथै, सार्वजनिक बिदाको दिन सेवा सञ्चालनका लागि खटिई कार्य सम्पादन गरेबापत प्रति दिन निजको मासिक आधारभूत तलबको ४० प्रतिशत बराबर रकम प्रोत्साहनस्वरूप प्राप्त गर्नेछन्।

यस दफाबमोजिम प्रोत्साहन प्राप्त गर्ने कर्मचारीलाई दफा ५ बमोजिमको रात्रिकालीन तथा सार्वजनिक बिदा सम्बन्धी प्रोत्साहन सुविधा लागू हुने छैन।

**११. जोखिम भत्ता :** अस्पतालमा कार्यरत एक्स-रे तथा प्रयोगशाला (ल्याब) सेवामा संलग्न कर्मचारीहरुलाई कार्यको प्रकृति तथा सम्भावित स्वास्थ्य जोखिमलाई मध्यनजर गर्दै मासिक रुपमा जोखिम भत्ता पालिका वा अस्पताल मध्ये कुनै एक ठाउँ बाट मात्र उपलब्ध गराइनेछ ।

तपशिल:

१) एक्स-रे सेवामा प्रत्यक्ष रुपमा कार्यरत कर्मचारीहरुलाई निजको मूल तलबको २५% रकम जोखिम भत्ता स्वरुप उपलब्ध गरिनेछ ।

२) प्रयोगशाला (ल्याब) सेवामा प्रत्यक्ष रुपमा कार्यरत कर्मचारीहरुलाई निजको मूल तलबको २५% रकम जोखिम भत्ता स्वरुप उपलब्ध गरिनेछ ।

३) यो सुविधा उपलब्ध हुनका लागि सम्बन्धित कर्मचारी सो विभागमा नियमित रुपमा कार्यरत रहेको तथा तोकिएको कार्य जिम्मेवारी निर्वाह गरेको हुनुपर्नेछ ।

४) जोखिम भत्ता सम्बन्धी अन्य व्यवस्था अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**१२. प्रशासनिक तथा अतिरिक्त कार्य प्रोत्साहन:**

(क) प्रशासन तथा लेखा शाखामा कार्यरत कर्मचारीहरुलाई अतिरिक्त कार्य जिम्मेवारी बापत देहाय बमोजिम मासिक प्रोत्साहन रकम प्रदान गरिनेछः

- लेखा अधिकृत: मासिक रु. ९,०००/-
- लेखा सहायक: मासिक रु. ६,०००/-

स्पष्टीकरण सम्बन्धित कर्मचारीले आफ्नो मूल पद तथा नियमित जिम्मेवारीका :लेखा अधिकृत लेखा सहायक, प्रशासन वा कागजात व्यवस्थापन सम्बन्धी थप जिम्मेवारी समेत निर्वाह गरेको अवस्थामा मात्र यो सुविधा उपलब्ध गराइनेछ ।

(ख) स्टोर व्यवस्थापन सम्बन्धी कार्य गर्ने कर्मचारीलाई मासिक रु. ५०००/- प्रोत्साहन रकम उपलब्ध गराइनेछ ।यद्यपि कुनै कर्मचारी स्टोर सम्बन्धी कार्यमा मात्र खटिएको अवस्थामा निजलाई यस कार्यविधि बमोजिमको अतिरिक्त प्रोत्साहन भत्ता उपलब्ध गराइनेछैन । तर आफ्नो नियमित ड्युटी तथा जिम्मेवारीका अतिरिक्त स्टोर सम्बन्धी कार्य समेत सम्पादन गरेको अवस्थामा मात्र थप रु. ५०००/- उपलब्ध गराइनेछ ।

(ग) ड्युटी आवर बाहेक अतिरिक्त समयमा प्रशासनिक कार्य, खानेपानी, विद्युतीय तथा अन्य मर्मत सम्भार कार्यमा खटिने कर्मचारीलाई मासिक रु. ३५००/- प्रदान गरिनेछ ।

(घ) अस्पताल प्रमुखलाई कार्यगत समन्वय, सम्पर्क तथा प्रशासनिक प्रयोजनका लागि मासिक रु. १,०००/- सञ्चार खर्च प्रदान गरिनेछ ।

(ङ) नागरिक आरोग्य सेवा केन्द्र व्यवस्थापन सम्बन्धी कार्य गर्ने कार्यरत कर्मचारीलाई मासिक रु. ३०००/- प्रोत्साहन रकम उपलब्ध गराइनेछ ।

**१३. अन्य सेवा प्रोत्साहन तथा सुविधा:**

घ) आमा तथा नवजात शिशु कार्यक्रम अन्तर्गत प्रसूति सेवा प्रोत्साहन:

आमा तथा नवजात शिशु कार्यक्रम निर्देशिका, २०७८ बमोजिम प्रसूति सेवा प्रदान गर्दा प्रत्यक्ष संलग्न स्वास्थ्यकर्मी तथा सहयोग गर्ने व्यक्तिलाई प्रोत्साहन स्वरूप देहाय अनुसार रकम प्रदान गरिनेछः

- प्रसूति गराउने स्वास्थ्यकर्मीलाई प्रति प्रसूति रु. १,०००/- (एक हजार रुपैयाँ)
- प्रसूति सेवामा सहयोग गर्ने सहयोगीलाई प्रति प्रसूति रु. २५०/- (दुई सय पचास रुपैयाँ)

(ङ) आमा सुरक्षा कार्यक्रम अन्तर्गत गर्भपतन सेवा प्रोत्साहन:
आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका, २०६५ (तेस्रो संशोधन २०७३) बमोजिम सुरक्षित गर्भपतन सेवा प्रदान गरे बापत प्राप्त प्रोत्साहन रकम देहाय बमोजिम बाँडफाँड गरिनेछः

- औषधि तथा औजार/उपकरण खरिद एवं व्यवस्थापन: ७०%
- सेवा प्रदायक (गर्भपतन सेवा दिने स्वास्थ्यकर्मी): २०%
- सहयोगी कर्मचारी: १०%

(च) पोस्टमार्टम (Post-mortem) सेवा प्रोत्साहन:

प्रचलित कानून बमोजिम अस्पतालमा पोस्टमार्टम सेवा प्रदान गर्दा प्रत्यक्ष रुपमा पोस्टमार्टम गर्ने चिकित्सकलाई प्रति केस रु. ५००/- तथा सहयोग गर्ने कार्यालय सहयोगीलाई प्रति केस रु. २००/- (दुई सय रुपैयाँ) प्रोत्साहन स्वरूप प्रदान गरिनेछ।

(छ) एम्बुलेन्स चालक प्रोत्साहन:

अस्पतालको एम्बुलेन्समार्फत बिरामी ओसारपसार गर्दा देहाय बमोजिम एम्बुलेन्स चालकलाई प्रति ट्रिप प्रोत्साहन स्वरूप रकम प्रदान गरिनेछः

- आरुघाट देखि काठमाडौं: रु. १,०००/-
- आरुघाट देखि पोखरा: रु. १,०००/-
- आरुघाट देखि चितवन: रु. १,०००/-
- आरुघाट देखि धादिङ: रु. ५००/-
- आरुघाट देखि गोरखा: रु. ५००/-
- आरुघाट देखि धार्चे/चुमनुब्री: रु. ५००/-

**१४. दोहोरो भुक्तानी भएको नमानिने:**

(१) कुनै कर्मचारी वा चिकित्सक वा मे.सु./नि.मे.सु. लाई निजको जिम्मेवारी तथा कार्यसम्पादन बमोजिम माथि उल्लेखित दफा प्रावधान अनुसार भुक्तानी गर्न सकिनेछ। यसरी गरिएको भुक्तानी दोहोरो परेको मानिनेछैन।

(२) कुनै संघ/संस्था/सहयोगी दाताहरुबाट अस्पतालमा कार्यरत चिकित्सक तथा कर्मचारीहरुलाई कुनै किसिमको आर्थिक सुविधा उपलब्ध गरिएमा यस कार्यविधि बमोजिम उपलब्ध गरिएका सुविधाहरुसँग दोहोरो परेको मानिनेछैन ।

**१५. व्याख्या गर्ने अधिकार**: यस कार्यविधिमा उल्लेखित विषयहरु तथा व्यवस्था उपर आवश्यक परेमा थप स्पष्ट पार्ने वा व्याख्या गर्ने अधिकार अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिलाई दिइएको छ।

**१६. संशोधन**: यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन गर्नुपर्ने भएमा आरुघाट गाउँपालिका गाउँ कार्यपालिकाद्वारा गर्न सकिनेछ।

**१७. खारेजी र बचाउ:**

(१) यस कार्यविधि प्रचलित कानून अनुसार लागू हुनेछ ।यदि कुनै व्यवस्था कानूनसँग बाझिएमा कानून बमोजिम हुनेछ ।

(२) यस कार्यविधि लागू भएपछि यस अघि अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिबाट भएका निर्णय तथा सुविधाहरु यसै कार्यविधि वमोजिम भएको मानिनेछ । आधारभूत अस्पताल संचालन तथा व्यबस्थापन कार्यविधि २०८१ को दफा १५ बमोजिम उपलब्ध हुने रात्रीकालिन भत्ता सम्बन्धी सुविधा तथा अन्य सुविधाहरु खारेज गरिएको छ ।

(३) यस कार्यविधिमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानून तथा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ ।

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत